मितिः २०८१।८।२१ गते, समयः ११:०० वजे दिनको , बैठक संख्याः ५

## कार्यपालिकाको वैठकका निर्णयहरु

प्रस्ताव नं. १: अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

निर्णयः अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

प्रस्ताव नं. २: प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

निर्णयः बेरोजगारहरुको आ.व. २०८१।०८२ को EMIS बाट निर्धारित प्राथमिकताक्रम सूची स्वीकृत गर्ने ।

प्रस्ताव नं. ३: श्री कृषि ज्ञान केन्द्र डडेल्धुराको नाममा रहेको जग्गा प्राप्ति सम्बन्धमा ।

निर्णयः श्री कृषि ज्ञान केन्द्र डडेल्धुराको नाममा बाग बजारमा रहेको पुरानो भवन तरकारी बीउ उत्पादन केन्द्र डडेल्धुराले प्रयोग गरेको जग्गा वडा कार्यालय, नगर प्रहरीबल तथा तरकारी बजार निर्माण गर्न जग्गा प्राप्त गर्न सुदुरपश्चिम प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कैलालीलाई अनुरोध गर्ने ।

प्रस्ताव नं. ४: सेवा निबृत स्वंसेविकाको सुविधा सम्बन्धमा ।

निर्णयः यस नगरपालिका भित्र कार्यरत स्वंसेविका सेवा निबृत हुंदा नेपाल सरकारले उपलब्ध गराउने सुविधामा यस नगरपालिकाले थप गर्ने गरि बजेट संशोधन गर्न नगर सभा पेश गर्ने ।

प्रस्ताव नं. ५: विपद्को कोषबाट खर्च गर्ने सम्बन्धमा ।

निर्णयः यस नगरपालिकाको वडा नं ३ को चिरकट्टेको स्वास्थ्य केन्द्र लगायतको मर्मत भएको रकम विपद्कोषबाट भुक्तानी गर्ने ।

प्रस्ताव नं. ६: इन्धन रकम भुक्तानी सम्बन्धमा ।

निर्णयः यस नगरपालिकाका वडा अध्यक्षहरुलाई सेवा सुविधा सम्बन्धि प्रदेश कानून बमोजिम मासिक २५ लिटर तथा कार्यरत कर्मचारीहरु मध्ये कार्यालयले उपलब्ध गराएको सवारी साधन प्रयोग गर्ने प्राविधिक कर्मचारीलाई मासिक १५ लिटर र प्रशासनिक कर्मचारीहरुलाई मासिक १० लिटर पेटोल नेपाल सरकार अर्थ मन्त्रालयले जारि गरेको इन्धन सम्बन्धि कार्यविधि अनुसार नगद उलब्ध गराउने । साथै कार्यालयको अत्याधिक कार्य चाप भएका फिल्डमा खटिने आफ्नो सवारि साधन प्रयोग गर्ने कर्मचारीहरुलाई कार्यालयले आवस्यक निर्णय गरे बमोजिम हुने ।

प्रस्ताव नं. ७: कार्यालयको परिषर मर्मत संभार गर्ने सम्बन्धमा ।

निर्णयः यस नगरपालिकाको कार्यालय परिषर मर्मत संभार गर्ने र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा कोठा थप गर्न लइ गरि कार्यान्वयन गर्ने ।